गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
मातृशिशु मितेरी अस्पताल
पोखरा, कास्की

फोन नं: ०६१-५३०५३५ मोबाइल ९८५६०७८२०३
Emal:maternityhospitalpk@gmail

पत्र संख्या :-
चलानी नं. :-

## चमेनागृह संचालन गर्ने सम्बन्धी सिलवन्दी दरभाउपत्र आव्हानको सूचना ।
## प्रथम पटक प्रकाशित मिति (२०८१/०७/०२)

उपरोक्त विषयमा यस अस्पतालको हाताभित्र बनेको चमेना गृहको आ.व. २०८१/०८२ र २०८२/०८३ सम्म (दुई आर्थिक वर्ष) को लागि मासिक भाडा रु. २२०००।– (अक्षेरुपी वाइस हजार रुपैया मात्र) कायम गरिएको र उक्त चमेना गृह सञ्चालन गर्नुपर्ने भएकोले अस्पतालले तय गरेका कार्यक्षेत्रगत शर्तमा तपशिल बमोजिमका शर्तहरुको अधिनमा रहि संचालन गर्न योग्यता पुगेका ईच्छुक फर्म/कम्पनीबाट शिलवन्दी दरभाउ पत्र पेश गर्न यो सुचना प्रकाशित गरिएको छ ।यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा यस अस्पतालबाट उपलब्ध गराईएको दरभाउपत्र खरिद गरि नियमानुसार दर्ता गर्नुहुन सूचित गरिन्छ ।

तपशिल

१.ठेकेदार/फर्म ले दरभाउपत्रमा उल्लेखित सवै खाजा तथा खानाको प्रस्तावित मुल्य अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ ।

२. छनौट भएको फर्मको सम्झौता अवधी सम्झौता भएको मितिले २०८३ साल असार मसान्तसम्म रहने छ । चमेनागृह सञ्चालन सम्बन्धी कार्य सन्तोषजनक भएमा आपसी सहमतीमा प्रत्येक आ.ब. शुरु हुनुभन्दा १ महिना अगाबै म्याद थप गर्न सकिनेछ ।

३. कार्यालयबाट दरभाउपत्र प्राप्त गर्न दरभाउ पत्र वापको दस्तुर रु.१०००।—अस्पतालले तोकेको बैंकमा जम्मा गरेको सक्कल बैंक भौचर साथ दरभाउ पत्र पाउँ भन्ने निवेदन पेश गर्नु पर्नेछ ।

**दरभाउपत्र फाराम बापत दस्तुर बुझाउने बैंक सम्बन्धी जानकारी**

| | |
|---|---|
| राजश्व शिर्षक नं. | १४२२९ |
| राजश्व शिर्षकको नाम | अन्य प्रशासनिक सेवा शुल्क |
| राजश्व दाखिला गर्ने बैंकको नाम र शाखा : | राष्ट्रिय बाँणिज्य बैंक, पृथ्वीचोक शाखा |
| राजश्व खाता नं. : | १०००१००५०१००४००० |
| राजश्व जम्मा गर्ने कार्यालयको नाम : | मातृशिशु मितेरी अस्पताल, कास्की |
| कार्यालय कोड नं.: | ३५००९३९०१४ |

४. दरभाउ पत्र पेश गर्दा दरभाउपत्र जमानत वापत रु.७०००।— धरौटी नगदै अस्पतालले तोकेको बैंकमा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नु पर्नेछ ।

**धरौटी बापत नगद बुझाउने बैंक सम्बन्धी जानकारी**

| | |
|---|---|
| खातावालाको नाम : | प्रदेश लेखा नियन्त्रक कार्यालय, कास्की |
| धरौटी खाता नं. : | ३०२०१००२०२०३०००० |
| धरौटी दाखिला गर्ने बैंकको नाम र शाखा: | राष्ट्रिय बाँणिज्य बैंक, पृथ्वीचोक शाखा |

मेडिकल सुपरिटेण्डेण्ट

| | |
|---|---|
| धरौटी जम्मा गर्ने कार्यालयको नाम: | मातृशिशु मितेरी अस्पताल, कास्की |
| कार्यालय कोड नं.: | ३५००९३९०१४ |

५. क्यान्टिन सन्चालनका लागि आवश्यक पर्ने सम्पूर्ण सामाग्री ठेकेदार/संचालक आफैले गर्नुपर्ने छ ।

६. चमेना गृहका लागि छुट्टै विद्युत मिटर जडान हुने र उक्त मिटरमा उठेको बिलको भुक्तानीको दायित्व ठेकेदारको हुने ।

७. प्रस्तावमा उल्लिखित न्यूनतम दररेट स्वीकृत गर्दा खाजा/खानाको गुणस्तर कायम हुन नसक्ने देखिएमा कार्यालयले सो प्रस्ताव अस्वीकृत गर्न सक्नेछ ।

८. कारण जनाई वा नजनाई प्रश्ताव स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार कार्यालयमा रहनेछ ।

९. खामबन्दी दररेटका साथ तपशिल बमोजिमका कागजात अनिवार्य पेश गर्नु पर्नेछ साथै शिलवन्दी खामको बाहिर प्रस्तावको नाम, ठेगाना र सम्पर्क नं स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

<u>तपशिल</u>

क.प्रस्तावित खाना तथा खाजाको मूल्य ।

ख.आ.व.०८०/८१ को करचुक्ता प्रमाण पत्र।

ग.*PAN/VAT* दर्ता प्रमाण पत्र ।

घ.नागरिकताको प्रमाण पत्र ।

ङ.शिलवन्दी दरभाउपत्रको दस्तुर तिरेको सक्कल बैक भौचर ।

च.शिलवन्दी दरभाउपत्रको जमानतको लागि धरौटी बापत रु.७०००।- नगद जम्मा गरेको सक्कल बैक भौचर ।

१०. शिलवन्दी दरभाउ पत्र सूचना प्रकाशन भएको १६ औ दिनको १२ बजे सम्म पेश गर्न सकिने तथा सोहि दिन १३:०० बजे खोलिनेछ । दरभाउपत्र खरिद गर्ने र पेश गर्ने अन्तिम दिन सार्वजानिक विदा परेमा कार्यालय खुल्ने पहिलो दिनको कार्यालय समय भित्र दरभाउपत्र खरिद गर्न सकिने र दोस्रो दिनको १२:०० बजेसम्म दरभाउपत्र पेश गर्ने र दरभाउपत्र सोहि दिन अप्रान्ह १३:०० बजे खोलिनेछ ।

११.कार्यालय र ठेकेदारबीच सम्झौता गर्नु अघि ठेकेदारले कार्यालयले तोकिदिए बमोजिम कार्यसम्पादन जमानत बापत रु.४४०००।- (अक्षरुपी चवालिस हजार रुपैया) नगदै धरौटी राख्नुपर्नेछ ।

१२.ठेक्का स्वीकृत भई सम्झौता गर्न सूचना गरेवमोजिम म्यादभित्र सम्झौता गर्न नआएमा, ठेक्का तोडेमा तथा सम्झौता वमोजिमको सेवा प्रदान नगरेमा धरौटी जफत हुनेछ ।

१३.सरसफाई जन्य पानी कार्यालयले नि:शुल्क उपलब्ध गराउने र पिउने तथा खाना पकाउने स्वच्छ पानीको व्यवस्था सञ्चालक स्वयंले गर्नुपर्नेछ ।

१४. दरभाउ पत्रको हरेक पानामा फर्मको सहि र छाप अनिवार्य हुनु पर्नेछ ।

१५.यसमा उल्लेख नभएका अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।

मेडिकल सुपरिटेन्डेन्ट

मेडिकल सुपरिटेण्डेण्ट